# संघीय संसद
# राष्ट्रिय सभा
## पाँचौं अधिवेशन
## बैठक - ५
# सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ पुस १६ गते बुधबार**

संघीय संसद, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **पाँचौं बैठक** सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **दिनको १:०५ बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनु हुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. उदया शर्मा/पौडेल**ले स्थानीय तहको लेखाप्रणालीलाई व्यवस्थित गर्नको लागि बनाइएको सफ्ट्वेयर (सूत्र) ह्याकरहरूले ह्याक गरी गत २०७६ मंसिर १२ गतेदेखि पौष ४ गतेसम्मको स्थानीय तहको विवरण गायब पारिएको बताउनु हुँदै आईटीलाई सुरक्षित र भरपर्दो बनाउन शीघ्ररूपमा सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।

**मा. कमला कुमारी ओली**ले कैलाली क्षेत्र नम्बर एकका प्रतिनिधि सभा सदस्य माननीय रेशम चौधरी कारागारमा हुनुभएकोले त्यस क्षेत्रको स्थानीय साझेदारी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आ. व. २०७६।०७७ को बजेट वक्तव्यमा आइसकेको रकम ६ करोड रोकिएकोले त्यस क्षेत्रका जनता साह्रै दुःखी भएको अवस्था रहेको बताउनु हुँदै उक्त रकम तुरुन्त निकासा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कोमल वली**ले नेपाल भ्रमण वर्षको शुभारम्भ हुँदै गर्दा पूर्वीय दर्शनको "अतिथि देवो भवः" को संस्कृति र संस्कारलाई अर्थतन्त्रसँग जोडेर जनताको जीवनस्तर उकास्नुपर्ने समय बताउनुभयो ।

**मा. तारादेवी भट्ट**ले विभिन्न किसिमका जघन्य अपराधको दण्ड कम भएको र सरकारले त्यतातिर ध्यान दिनुको सट्टा इन्टरनेटको जमानामा लेख्ने र बोल्ने अधिकारको बारेमा सरकार अधिनायकवादतिर गइरहेको आरोप लगाउनु हुँदै उखु किसानहरूको समस्या समाधानका लागि सरकारल यथाशीघ्र ध्यान दिनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा दलीय आधारमा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. भैरव सुन्दर श्रेष्ठ**ले जाजरकोट जिल्लाको नलसिङ्गाढ जलविद्युत् आयोजनाको डीपीआर अन्तिम चरणमा पुगेको र उक्त डीपीआरमा त्यहाँका जनताले ठूलो उत्साहका साथ केही माग राखेकाले सरकारले ती माग सम्बोधन गर्नुपर्ने माग गर्नुहुँदै दिगो विकास तथा सुशासन समितिले सातवटै प्रदेशमा गई त्यहाँको भौतिक पूर्वाधार लगायत अन्य विषयको अनुगमन गर्दा कर्मचारीको अभावका कारण पूर्वाधार विकास हुन नसकिरहेको पाइएकोले यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. अनिता देवकोटा**ले राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको सन्दर्भमा विप्लव समूहलाई समयमा नै वार्तामा ल्याई समस्या समाधान गर्न नेपाल सरकारलाई आग्रह गर्नुहुँदै लामो समयदेखि भुक्तानी नपाएर आन्दोलनरत रहेका उखु किसानहरूको भुक्तानी तत्काल हुनुपर्ने माग गर्नुभयो । त्यसैगरी उहाँले भारतले सार्वजनिक गरेको नक्सा सम्बन्धमा नेपाली जनताको आपत्ति र अस्वीकार्य रहेकोले यस सन्दर्भमा नेपाल सरकारले कूटनीतिक पहल के गरिरहेको छ भन्ने विषयमा सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुभयो ।

**मा. सुमनराज प्याकुरेल**ले कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा रहेका जनावरहरूको प्रभावकारी व्यवस्थापन हुन नसक्दा ती जनावरहरूले त्यस क्षेत्रका मानिसहरूलाई सास्ती दिई आक्रान्त बनाइरहेकाले यस सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु हुँदै आरक्षभित्र रहेका व्यक्तिहरूको जग्गालाई साटफेर गरी उनीहरूलाई बाहिर जग्गा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो । त्यसैगरी उहाँले उखु किसानहरूले भुक्तानी नपाएर सडकमा बस्नुपर्ने बाध्यता तत्काल समाधान हुनुपर्ने माग गर्नुभयो ।

**मा. रमेशप्रसाद यादव**ले देशको समृद्धि र शान्ति सुरक्षाको अवस्था दिनानुदिन घट्दै गइरहेको तर यसतर्फ सरकारले ध्यान दिन नसकेको आरोप लगाउनु हुँदै उखु किसानको समस्या तत्काल समाधान हुनुपर्ने माग गर्नुभयो ।

**मा. युटोल तामाङ**ले सरकारले विधेयक, ऐन, कानून तथा संविधान संशोधन गर्ने क्रममा समावेशितालाई चिन्न नसकेको, जनजातिको मुद्दालाई हरेक संशोधनले छोड्दै गएको र संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायको हकलाई उपेक्षा गरिएकोले यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. नन्दा चपाई**ले काठमाडौंमा समस्याको रूपमा रहेको अव्यवस्थित सवारी साधनलाई सम्बन्धित निकायले तत्काल समाधान गर्नुपर्ने, ट्याक्सी चालक मिटरमा हिंड्न नमान्ने गरेकाले यसको समाधान हुनुपर्ने र स्यानिटेरी प्याड सरकारले निःशुल्क वितरण गर्ने भनेकोले उक्त वितरण कहाँबाट हुने भन्ने जानकारी गराउनुपर्ने माग गर्नुभयो ।

**मा. प्रकाश पन्थ**ले उखु किसानहरूले पाउनुपर्ने भुक्तानी समयमै नपाएको र किसानहरूलाई दिएको अनुदान समेत बीचमै हराएको भन्ने गुनासोतर्फ सरकारको गम्भीर ध्यानाकर्षण गराउनु हुँदै चिनी उद्योगमा रहेका व्यावसायिक समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी उहाँले अमेरिकी सहयोग एमसीसी, नेपाल ट्रष्टको जग्गाको अनियमितता र नेपाल-भारतबीचको सीमा विवादका सम्बन्धमा सरकारको स्पष्ट धारणा नआएकोले सरकारले सदन समक्ष आफ्नो स्पष्ट धारणा माग गर्नुभयो ।

**मा. शेरबहादुर कुँवर**ले वर्तमान सरकारले देशलाई अगाडि कसरी बढाउने र देशका जनतालाई सुखी र सम्पन्न कसरी बनाउने भन्ने बाटो तय गरेको तर यस सरकारमाथि चारै तिरबाट प्रहार भइरहेकोले सरकार गम्भीर हुनुपर्ने बताउनु हुँदै एमसीसीको सम्झौता सम्बन्धमा माननीयहरूले प्रश्न उठाए तापनि सरकारका तर्फबाट कुनै जवाफ नआएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई (१) लोक सेवा आयोगको वार्षिक प्रतिवेदन, २०७५।०७६, २) थारू आयोगको वार्षिक प्रतिवेदन, २०७५।०७६, ३) राष्ट्रिय समावेशी आयोगको वार्षिक प्रतिवेदन, २०७५।०७६, (४) मधेशी आयोगको वार्षिक प्रतिवेदन, २०७५।०७६ र (५) मुस्लिम आयोगको वार्षिक प्रतिवेदन, २०७५।०७६ लाई सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङको तर्फबाट माननीय ठगेन्द्र प्रकाश पुरीलाई "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गर्नुभएको "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै उक्त

छलफलमा भाग लिन चाहने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. राधेश्याम अधिकारी | २. मा. धनकुमारी खतिवडा | ३. मा. कालीबहादुर मल्ल |
| ४. मा. अनिता देवकोटा | ५. मा. रामनारायण विडारी | ६. मा. तारादेवी भट्ट |
| ७. मा. डा. विमला राई पौड्याल | | |

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै उक्त प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल विशेष सेवा विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल पुस १७ गते बिहीबार दिनको १:०० बजे** बस्ने गरी दिनको **२:३५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव